## तेस्रो राष्ट्रिय नदी शिखर सम्मेलन २०७५

## कर्णाली घोषणापत्र

बिक्रम सम्वत २०७५ साल चैत महिनाको १४ गतेदेखि १७ गतेसम्म कर्णाली प्रदेशको दैलेख जिल्ला, आठबीस नगरपालिका स्थित राकम कर्णालीमा आयोजित तेस्रो राष्ट्रिय नदी शिखर सम्मेलन नेपालका खोलानाला, नदी एवं नदीजन्य स्रोतहरुको संरक्षण, दिगो तथा बुद्धिमतापूर्वक उपयोगकालागि अघिल्ला शिखर सम्मलेनका घोषणापत्रहरुलाई स्मरण गर्दै यो सम्मेलन कर्णाली घोषणापत्र जारी गर्दछ ।

१) जथाभावी शहरीकरण र प्रदूषणबाट नदीहरुको जीवन नै समाप्त हुन लागेकाले भौतिक विकासका नाममा नदीजन्य स्रोतको अत्यधिक दोहन भइरहेको प्रति गम्भीर सरोकार राख्दै ती समस्याको तत्काल एवं प्रभावकारी समाधानकालागि आवश्यक कदम चाल्न सरकारसँग आग्रह गर्दछ ।

२) नदीजन्य स्रोतको अत्याधिक दोहन र उत्खनन्लाई व्यवस्थित बनाउन प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) जस्ता अध्ययन प्रतिवेदनको तयारी र कार्यान्वयनमा भइरहेका लापरवाही नियन्त्रण गर्न प्रक्रिया पूरा गरेर तयार पारिएका प्रतिवेदनका आधारमा मात्र उत्खनन गर्न दिने र सो नभएमा कानुनी कारबाही गर्ने कुरामा स्थानीय सरकार र प्रदेश सरकारले आवश्यक कदम चाल्न माग गर्दछ ।

३) जलविद्युत विकास गर्दा हिमाल, तराई र पहाडमा दीर्घकालिन प्रतिकूल प्रभावहरु पर्नसक्ने भएकाले जलविद्युत विकास गर्दा Cumulative Impact Assessment र Strategic Basin Management Study गर्नुपर्ने ।

४) नदीजन्य स्रोतहरुको उपयोगबाट प्राप्त लाभहरुको दिगो उपयोग र संरक्षणकालागि वातावरणीय सेवाको भुक्तानीको व्यवस्था गर्नुपर्ने ।

५) विकास र वातावरण संरक्षण बीचको वैचारिक द्वन्द्वको निकाशका लागि सुविकास र कुविकास ( विनाशकारी विकास) बीचको फरक छुट्याई विकासलाई नै पुर्नपरिभाषित गर्दै संरक्षणका प्रयासहरुबाट सबैभन्दा सीमान्तकृत एवं प्राकृतिक स्रोतमा पूर्णनिर्भर समुदायको हित तथा जीविकोपार्जनलाई केन्द्रबिन्दुमा राखेर परिभाषित गरिनुपर्ने ।

६) नदीनालाहरु जलवायु परिवर्तनको चपेटामा पर्दै गएको र अतिवृष्टि तथा अनावृष्टि जस्ता संकटहरु उत्पन्न भइरहेको परिप्रेक्ष्यमा नदीजन्य प्रकोपबाट सुरक्षित रहनका लागि नदीलाई नै नियन्त्रण गर्ने र तटबन्ध नै एक मात्र उपायका रुपमा चित्रण नगरि मानव निर्मित वस्तीहरुलाई नै जोखिमयुक्त क्षेत्रभन्दा बाहिर बसाउने व्यवस्था मिलाई सोका लागि एकीकृत भूउपयोग योजना बनाएर कार्यान्वयन गर्नपर्ने र जथाभावी विकास गर्न नहुने ।

७) नेपालमा मौसम पूर्वानुमानको प्रविधि भरपर्दो, विश्वसनीय र प्रभावकारी भइरहेकाले सो प्रविधिलाई नदीजन्य प्रकोपको पूर्वतयारीसँग एकीकरण गरेर तल्लो र माथिल्लो तटका बासिन्दाबीच सूचनाको आदानप्रदानलाई सशक्त बनाउने प्रणाली विकास गर्ने ।

८) यो शिखर सम्मेलनले अन्धाधुन्ध वितरण गरिने जलविद्युत उत्पादन लाइसेन्स र त्यसको बजारीकरणको बिरोध गर्दै जलस्रोत विकासका विसंगतिहरु तत्काल अन्त गर्न माग गर्दछ ।

९) जलविद्युत, सिंचाइ तथा अन्य जलउपयोग सम्बन्धी परियोजनाले नदीमा छोड्नुपर्ने न्यूनतम पानीको मात्रा नदीको प्राकृतिक एवं जैविक गुण तथा धार्मिक, साँस्कृतिक र आध्यात्मिक विशेषताका आधारमा निर्धारण गर्ने कानुनी व्यवस्था गर्न र सो को नियमित अनुगमन गर्ने व्यवस्था मिलाउन नेपाल सरकारसँग माग गर्ने ।

१०) नदीको पारिस्थितिकीय प्रणाली र माछा प्रजातिहरु संकटमा नपर्ने गरी दिगो रुपमा माछा मार्ने तौरतरिका अवलम्बन गर्न माछा लगायत जलचरहरुको संरक्षणका लागि संघ, प्रदेश तथा स्थानीय तहमा जलीय जैविक विविधता कानुन तर्जुमा र कार्यान्वयन गर्नुपर्ने ।

११) ऐतिहासिक, साँस्कृतिक एवं प्राकृतिक दृष्टिले विशिष्ट महत्वको कर्णाली नदीलाई विशेष महत्वको सम्पदा नदी घोषणा गरेर विश्व सम्पदा सूचीमा समावेश गराउँदै त्यसका लागि नदी वरपरको ५ किलोमिटरभित्रको क्षेत्रलाई पवित्र कर्णाली नदी क्षेत्र (Sacred Karnali River Corridor) कायम गरी सो क्षेत्रमा विशेष योजना बनाई सोही बमोजिमका गतिविधि सञ्चालन गर्ने व्यवस्था मिलाउने र भावी सन्ततिको अधिकारको सम्मान र संरक्षणका लागि हालसम्म विनाश भइनसकेको कर्णाली नदीलाई भावी पुस्ताको नासो (उपहार) को रुपमा नदीको केहि खण्डलाई प्राकृतिक र अविरल रुपमा बग्न पाउने नदी (Free Flowing River) राख्न पहल गर्ने ।

१२) कर्णाली नदीलाई विधिवत रुपमा Wild and Scenic River घोषणा गर्ने र Wild and Scenic River कानुन बनाएर कार्यान्वयन गर्नुपर्ने ।

१३) कर्णाली नदी प्रणाली तथा समग्र कर्णाली प्रदेश नै जैविक विविधतामा अत्यन्तै सम्पन्न रहेको र आर्थिक विकासका दृष्टिले पिछडिएको कटु यथार्थलाई मध्यनजर गरी सो विषयमा व्यापक अध्ययन अनुसन्धान गर्ने र कर्णाली नदी तथा कर्णाली प्रदेशलाई नै राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा चिनाउन र पर्यटन तथा अध्ययन अनुसन्धानको विशेष क्षेत्र/केन्द्र बनाउनका लागि विशेष अभियान सञ्चालन गर्ने ।

१४) कर्णाली क्षेत्र तथा देशलाई आवश्यक जलविद्युत सस्तो, भरपर्दो एवम् वातावरणीय दृष्टिले उपयुक्त हुने गरी विद्युत उत्पादन योजना बनाई कर्णाली नदीका शाखा नदीहरुमा प्रशस्त बिजुली निकाल्न सकिने सम्भावना पहिचान भइसकेकाले प्राथमिकता तोकेर उपयुक्त परियोजना मात्र निर्माण गर्न माग गर्दछ ।

१५) कर्णाली क्षेत्रको धार्मिक, साँस्कृतिक तथा प्राकृतिक पर्यटन विकासका लागि धार्मिक साँस्कृतिक एवं पर्यापर्यटनका पदमार्गहरु पहिचान गरी सो कालागि पूर्वाधार विकास गर्ने र व्यापक प्रचारप्रसार गर्दै संसारकै पर्यापर्यटनको विशेष केन्द्रको रुपमा विकास गर्ने र हरेक दुई वर्षमा प्रदेश नं. ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशलाई समेट्ने गरी राकम कर्णालीदेखि टीकापुर, कैलालीसम्मको क्षेत्र समेटेर संसारको सबैभन्दा लामो राफ्टिङ प्रतियोगिता आयोजना गर्ने ।

१६) नदी संरक्षण, विकास र व्यवस्थापनकोलागि समान उद्देश्य भएका प्रतिबद्ध नेपाली तथा विदेशीहरु सम्मिलित नदी प्रेमीहरुको विभिन्न जलाधार क्षेत्र तथा नदीहरुमा सञ्जाल निर्माण गर्ने र त्यसको सुरुवात कर्णाली नदीको संरक्षण र कर्णाली प्रदेशको विकासकालागि कर्णालीका मित्रहरु (Friends of Karnali) नामक संजाल निर्माण गर्ने ।

१७) काठमाडौँ उपत्यकाको सिथि नखः, तराईको छठ, माझी समुदायको फागुन तेस्रो हप्ता मनाइने नदीपर्व जस्ता नेपालका विभिन्न क्षेत्र तथा समुदायका नदी, खोलानाला, ताल, पोखरी तथा मुहान, पानीलाई सम्मान गर्ने संस्कार तथा पर्व प्रचलनमा रहेकाले तिनका सम्बन्धमा विशेष अध्ययन गर्ने गराउने र राष्ट्रिय पर्वका रुपमा मनाउन सुरु गर्ने र पर्वको मान्यता दिलाउन पहल गर्ने ।

१८) भारतमा बनाइएको गिर्जापुरी बाँधका कारण पानीको बहावमा भइरहेको परिवर्तनले नेपालमा डुबान लगायतका समस्या देखिएकाले उक्त समस्या निराकरणका लागि प्रदेश नम्बर ५, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका सरकारले संयुक्त रुपमा पहल गर्नुपर्ने ।

१९) आगामी चौथो राष्ट्रिय नदी शिखर सम्मेलन कालीगण्डकी नदीमा वि.सं. २०७७ साल अर्थात् सन् २०२१ मा आयोजना गर्ने ।

***इति सम्वत २०७५ साल चैत १७ गते आइतबार***